# अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) नियमावली, २०७८

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७९।०१।०५

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २० मा संशोधनः** अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (२) को ठाउँ ठाउँ रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची -९ मा रहेको "गा.वि.स." भन्ने शब्दको सट्टा "गा.पा." भन्ने शब्द राखिएको छ।

(२) अनुसूची -१० को रोहबर अन्तर्गतको खण्ड (ग) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

४. **खारेजीः** मूल नियमावलीको नियम ३० खारेज गरिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय